श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्‌को सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४७ सालको ऐन नं. १४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## नेपाल मेडिकल काउन्सिल ऐन, २०२० लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः नेपाल मेडिकल काउन्सिल ऐन, २०२० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्‌को सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "नेपाल मेडिकल काउन्सिल (दोस्रो संशोधन) ऐन, २०४७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा २१ मा संशोधनः नेपाल मेडिकल काउन्सिल ऐन, २०२० (यसपछि "मूल ऐन" भनिएको) को दफा २१ को, –

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) काउन्सिलको सिफारिशमा श्री ५ को सरकारले चिकित्सा शास्त्र सम्बन्धी डिग्री, डिप्लोमा, प्रमाणपत्र वा अन्य उपाधिहरूलाई मान्यता प्रदान गर्न सक्नेछ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः–

"(१क) उपदफा (१) बमोजिम श्री ५ को सरकारबाट मान्यता प्रदान गरिएका डिग्री, डिप्लोमा, प्रमाणपत्र वा अन्य उपाधिहरूलाई अनुसूची-मा समावेश गरिनेछ।"

३. मूल ऐनमा दफा २१क, २१ख र २१ग थपः मूल ऐनको दफा २१ पछि देहायका दफा २१क, २१ख र २१ग थपिएका छन्ः–

"२१क. विवरण माग गर्न सक्नेः दफा २१ को उपदफा (१) बमोजिम मान्यता प्रदान गरिएका डिग्री, डिप्लोमा, प्रमाणपत्र वा अन्य उपाधिहरू प्रदान गर्ने मेडिकल संस्थाले त्यस्तो डिग्री, डिप्लोमा, प्रमाणपत्र वा अन्य उपाधिहरूको निमित्त निर्धारित गरेको पाठ्यक्रम तथा भर्नाको लागि निर्धारित गरेको शर्तहरूको सम्बन्धमा काउन्सिलले समय समयमा त्यस्तो संस्था संग विवरण माग गर्न सक्नेछ र सो विवरण उपलब्ध गराउनु त्यस्तो संस्थाको कर्तव्य हुनेछ।

२१ख. परीक्षाको निरिक्षणः (१) दफा २१ को उपदफा (१) बमोजिम मान्यता प्रदान गरिएका डिग्री, डिप्लोमा, प्रमाणपत्र वा अन्य उपाधिहरूका परीक्षाहरू निरीक्षण गर्नको लागि काउन्सिलले निरीक्षक नियुक्त गरी पठाउन सक्नेछ। यसरी नियुक्त गरिएका निरीक्षकले आफूले निरीक्षण गरेको परीक्षाको सम्बन्धमा काउन्सिलले तोकेको विवरण खुलाई काउन्सिल समक्ष प्रतिवेदन पेश गर्नेछ।

तर निरीक्षकले त्यस्तो कुनै परीक्षामा कुनै किसिमको हस्तक्षेप गर्न पाउने छैन।

६३२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) दफा २१ क. अन्तर्गत प्राप्त विवरण वा उपदफा (१) अन्तर्गत निरीक्षकले पेश गरेको प्रतिवेदन उपर काउन्सिलले विचार गर्दा दफा २१ को उपदफा (१) बमोजिम मान्यता प्रदान गरिएको कुनै डिग्री, डिप्लोमा, प्रमाणपत्र वा अन्य उपाधिको निमित्त सम्बन्धित मेडिकल संस्थाले निर्धारण गरेको पाठ्यक्रम, भर्नाका शर्तहरू तथा परीक्षा संचालन विधि उपयुक्त एवम् पर्याप्त छैन भन्ने लागेमा सो सम्वन्धमा काउन्सिलले आफ्नो प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्नेछ।

२१ ग. मान्यता हटाउने: दफा २१ ख. को उपदफा (२) बमोजिम काउन्सिलको प्रतिवेदन प्राप्त भएपछि श्री ५ को सरकारले आवश्यक देखेमा सम्बन्धित मेडिकल संस्था संग तोकिएको समय भित्र स्पष्टीकरण माग गर्न सक्नेछ। त्यस्तो स्पष्टीकरण तोकिएको समय भित्र प्राप्त भएमा सो उपर विचार गरी अरू कुनै जाँचबुझ गर्नु पर्ने भए आवश्यक जाँचबुझ गरी सो समेतको आधारमा श्री ५ को सरकारले त्यस्तो मेडिकल संस्थाबाट कुनै खास मिति पछि प्रदान गरिएको चिकित्सा शास्त्र सम्बन्धी डिग्री, डिप्लोमा, प्रमाणपत्र वा अन्य उपाधिको मान्यतालाई अनुसूचीबाट हटाउन सक्नेछ।"

लालमोहर सदर मितिः– २०४७।८।२७।५

आज्ञाले,
डा. गजेन्द्रमणि प्रधान
श्री ५ को सरकारको का. मु. सचिव

४३२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।